वर्ष १ अङ्क २
मिति: ३० चैत्र २०८२

# हाम्रो सामुदायिक रेडियो

## यस अङ्कमा

- सन्दर्भमा सामुदायिक रेडियोको दिगोपन: सौराहा कार्यशालाको चिन्तन–मनन
- परिवर्तनको संघारमा सामुदायिक रेडियो: स्वामित्व, सहभागिता र आगामी बाटो
- सामुदायिक रेडियोको भविष्य: प्रविधि कि समुदाय?
- दिगोपनको अर्थ: मेरो रेडियो, मेरो अनुभव
- जेन्जी आन्दोलनपछि सामुदायिक रेडियो: महिला प्रसारकहरूको अनुभव, चुनौती र सहनशीलता



© AMARC Asia-Pacific

## सन्दर्भमा सामुदायिक रेडियोको दिगोपन: सौराहा कार्यशालाको चिन्तन–मनन

### सुमन बस्नेत

अमार्क एशिया–प्रशान्त र अकोराब नेपालद्वारा ४ पुस २०८२ (१९ डिसेम्बर २०२५) मा चितवनको सौराहामा "सामुदायिक रेडियोको दिगोपन: प्राविधिक रूपान्तरण, समुदायसँगको सम्बन्ध र भविष्यका बाटाहरू" विषयक संयुक्त कार्यशाला आयोजना गरिएको थियो। यस कार्यशालाले दुवै संस्थाका बोर्ड सदस्यहरू तथा सामुदायिक रेडियोका नेतृत्वकर्ताहरूलाई एउटै ठाउँमा ल्याएर नेपालमा सामुदायिक प्रसारणको दिगोपन केन्द्रित संवादका लागि एउटा महत्त्वपूर्ण मञ्च प्रदान गरेको थियो। कार्यशालामा सामुदायिक प्रसारण नीति, आर्थिक व्यवस्था र संस्थागत दिगोपनका विषयहरूबाट सुरु हुँदै प्राविधिक रूपान्तरण, डिजिटल अवसरहरू तथा समुदायसँगको सुदृढ सम्बन्धका विषयहरूमा छलफल भयो।

यी छलफलहरूको केन्द्रमा श्रम आप्रवासन द्वारा सिर्जित एउटा गहिरो सामाजिक रूपान्तरण रहेको छ, जसले क्रमश: सामुदायिक रेडियोलाई पुनर्परिभाषित गरिरहेको छ।

श्रम आप्रवासनले नेपालको समुदाय संरचनामा निरन्तर प्रभाव पारिरहेको छ। नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२४ का अनुसार, २०२१ को जनगणनामा २१ लाखभन्दा बढी नेपाली नागरिक देशबाहिर थिए, जसमा ७७ प्रतिशतको अनुपस्थिति रोजगारीसँग सम्बन्धित थियो। सोही प्रतिवेदनले २०२१ मा ५ लाख ८७ हजार ५१० भन्दा बढी नेपाली भारतमा बसोबास गरिरहेको उल्लेख गरेको छ। आप्रवासनको यो प्रवृत्तिले स्थानीय अर्थतन्त्र मात्र होइन, समुदायको

### परिवर्तनको संघारमा सामुदायिक रेडियो: स्वामित्व, सहभागिता र आगामी बाटो

हामी अहिले यस्तो जटिल मोडमा छौँ, जहाँ हामीले केही बेर रोकिएर सामुदायिक रेडियोको भविष्यबारे केही गम्भीर प्रश्नहरू उठाउनैपर्छ। लामो समयदेखि हाम्रो शक्ति स्वामित्वको अवधारणाबाट आएको हो। त्यस बेला सामुदायिक रेडियो जनताको थियो। तर आज, जब हामी फेसबुक, गुगल, युट्युब र अन्य डिजिटल प्लेटफर्महरूको कुरा गर्छौं, ती हाम्रो समुदायको स्वामित्वमा (बाँकी पृष्ठ २ मा )

संरचनालाई समेत रूपान्तरण गरिरहेको छ। धेरै स्थानहरूमा काम गर्ने उमेर समूहको ठुलो हिस्सा विदेशमा हुँदा गाउँ-घरहरूमा वृद्ध वृद्धा, महिला र बालबालिकाको मात्रै उपस्थिति देखिन थालेको छ। सामुदायिक रेडियोमा यसको प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ। परम्परागत स्थानीय श्रोताको वर्ग संरचना र अपेक्षा दुवै हिसाबले परिवर्तन हुँदै छ, जसले "समुदाय"को अर्थलाई नै पुनः परिभाषित गरिरहेको छ। साथै, विदेशमा फैलिएको नेपाली समुदायले नयाँ प्रकारका सम्बन्ध र पहुँचका अवसरहरू पनि सिर्जना गरिरहेको छ। यदि सामुदायिक प्रसारकहरूले परम्परागत प्रसारणभन्दा बाहिर आफ्नो पहुँच विस्तार गर्न सके भने यो अवसरका रूपमा रूपान्तरण हुन सक्छ।

तर, नेपालमा डिजिटल पहुँचको विस्तार असमान रहेको छ। नेपाल जीवनस्तर सर्वेक्षण (NLSS IV) अनुसार, ३९.७ प्रतिशत घरधुरीमा मात्र इन्टरनेटको पहुँच छ र यो पहुँच धनी तथा शिक्षित समूहमा उल्लेखनीय रूपमा बढी छ। बागमती प्रदेशमा ५९.८ प्रतिशत घरधुरीमा इन्टरनेट पहुँच रहेको पाइन्छ, जुन राष्ट्रिय औसतभन्दा धेरै हो। नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्कले पनि ब्रोडब्यान्ड ग्राहकहरूको सङ्ख्या कुल जनसङ्ख्याभन्दा बढी भएको देखाउँछ, जसले कनेक्टिभिटीमा तीव्र वृद्धि भएको सङ्केत गर्छ। तर यसले विशेष गरी ग्रामीण र सीमान्तकृत समुदायका लागि गुणस्तर, किफायती सेवा, र अर्थपूर्ण पहुँचमा रहेका ठुला खाडलहरूलाई भने मेटाउन सक्दैन।

यस सन्दर्भमा, सामुदायिक प्रसारणका लागि एफएम अझै सान्दर्भिक र अत्यन्त महत्त्वपूर्ण माध्यम हो। इन्टरनेटको पहुँच कमजोर वा अविश्वसनीय रहेका स्थानहरूमा यो सबैभन्दा सुलभ र समावेशी माध्यम हो। विपद् वा आकस्मिक अवस्थाहरूमा यसको महत्त्व अझ स्पष्ट रूपमा देखिन्छ। युनेस्कोले हालै उल्लेख गरेअनुसार जाजरकोटजस्ता दुर्गम क्षेत्रमा सङ्कटका समयमा सामुदायिक रेडियो प्रमुख सूचना स्रोतका रूपमा रहेको छ। धेरै मानिसका लागि एफएम अझै सबैभन्दा भरपर्दो स्थानीय माध्यम हो।

यस अवस्थाले दिगोपनका लागि हाइब्रिड दृष्टिकोण सबैभन्दा उपयुक्त मार्ग भएको सङ्केत गर्दछ, जस अन्तर्गत एफएमको व्यापक स्थानीय पहुँचलाई डिजिटल प्लेटफर्महरूको विस्तारित पहुँचले थप सहयोग पुऱ्याउन सक्छ। यसै सन्दर्भमा, युरोपेली प्रसारण सङ्घले पनि 'हाइब्रिड रेडियो' को अवधारणा अन्तर्गत रेडियो प्रसारण र इन्टरनेटलाई एक अर्काको सहयोगीका रूपमा व्याख्या गरेको छ । यस तर्कलाई आधार मानेर हेर्दा रेडियो प्रसारण र इन्टरनेटको उचित संयोजन रेडियो सेवाहरूलाई सुलभ बनाइराख्दै समुदायसितको अन्तरक्रिया र पहुँच विस्तार गर्ने अवसर हुनसक्छ।

सौराहामा भएका छलफलहरूले सामुदायिक रेडियोको दिगोपनका लागि कुनै एक मात्र समाधान छैन भन्ने सन्देश दिएको छ। नेपालका सामुदायिक रेडियोहरू एफएमको स्थानीय पहुँचलाई डिजिटल उपकरणहरूको प्रयोगमार्फत विस्तार गर्दै विदेशस्थित श्रोतासम्म पुग्ने, सामग्री सङ्ग्रह गर्ने र अन्तरक्रिया बढाउने दिशामा अघि बढ्न सक्छन्। यसका लागि

(पृष्ठ १ बाट क्रमश)

छैनन्। त्यसैले यो नयाँ डिजिटल परिवेशमा सामुदायिक स्वामित्वको अवधारणालाई कसरी अघि बढाउने भन्नेबारे हामीले गम्भीर भएर सोच्नुपर्छ।

यससँगै, सहभागिताको स्वरूप पनि परिवर्तन हुँदैछ। हाम्रो समुदायका धेरै मानिसहरू अब भौतिक रूपमा आफ्ना स्थानहरूमा उपस्थित छैनन्। उनीहरू विदेशमा छन् वा कामका लागि विभिन्न स्थानमा आवतजावत गरिरहेका छन्। त्यसो भए उनीहरू समुदाय सित कसरी जोडिन्छन्? उनीहरूको आवाज सुनिने सुनिश्चितता कसरी गर्न सकिन्छ? यी भविष्यका प्रश्न होइनन्, यी आजका प्रश्न हुन्।

त्यसै गरी, सामुदायिक प्रसारणका लागि हामीले बेवास्ता गर्न नसक्ने केही व्यावहारिक चुनौतीहरू पनि छन्। कानुनी र नियामक वातावरण परिवर्तन भइरहेको छ र प्रायः यो परिवर्तन सामुदायिक मिडियाका लागि सहयोगी छैन। प्रतिलिपि अधिकार, लाइसेन्स शुल्क, स्पेक्ट्रम शुल्क, तथा विज्ञापन दरसम्बन्धी अस्पष्टतासँग जोडिएका प्रश्नहरू अझ जटिल बन्दै गएका छन्। साथै, सरकारी सहयोग पनि सीमित छ। यदि हामी यी चुनौतीहरूलाई एक्लै सामना गर्ने प्रयास गर्छौं भने हाम्रो आवाज टाढासम्म पुग्न सक्दैन। त्यसैले हामीले केवल सामुदायिक रेडियोभित्र मात्र होइन, समग्र मिडिया क्षेत्रसँग मिलेर अघि बढ्नुपर्छ। आज रेडियो, टेलिभिजन, प्रिन्ट र डिजिटल मिडियाबिचका सीमाहरू धमिला बन्दै गएका छन्।

डिजिटल क्षेत्रमा हामी सबै एउटै मिडिया प्रणालीका हिस्सा हौँ, र यसलाई सामूहिक रूपमा सम्बोधन गर्न आवश्यक छ।

(बाँकी पृष्ठ ३ मा)



डा. रामनाथ भाट, अध्यक्ष, अमार्क एशिया-प्रशान्त

जनसाङ्ख्यिक परिवर्तनहरू बुझ्नु, इन्टर्नेट-पहुँचमा रहेका असमानताहरूलाई सम्बोधन गर्नु र प्रविधिसम्बन्धी रणनीतिक निर्णयहरू लिनु आवश्यक हुन्छ।

अन्ततः दिगोपन केवल प्रविधि वा वित्तको प्रश्न होइन। यो त सामुदायिक रेडियोको मूल मूल्य-विश्वास, सान्दर्भिकता र समावेशितालाई जोगाउँदै परिवर्तनसँग अनुकूलन गर्ने प्रक्रियासँग जोडिएको विषय हो।

(पृष्ठ २ बाट क्रमश)

यस यात्रामा हामी एक्ला छैनौँ। अमार्क एशिया–प्रशान्त क्षेत्रभरका सामुदायिक रेडियोहरूसँग ऐक्यबद्धता राख्दै नीतिगत सुधार, प्राविधिक परिवर्तनसँग अनुकूलन, तथा क्षमता अभिवृद्धिमा सहयोग गर्ने प्रतिबद्धता राख्दछ। हामीले एक अर्काबाट सिक्नुपर्छ, देशहरूबिच अनुभव आदानप्रदान गर्नुपर्छ, र सँगसँगै अघि बढ्नुपर्छ।

आज हामीले रोज्ने दिशा नै आगामी सबै परिवर्तनहरूको आधार बन्नेछ।

(डा. रामनाथ भाट, अध्यक्ष, अमार्क एशिया–प्रशान्तको मन्तव्यबाट संक्षेप।)



सुवास खतिवडा, उपाध्यक्ष (दक्षिण एसिया), अमार्क एशिया–प्रशान्त

## सामुदायिक रेडियोको भविष्य: प्रविधि कि समुदाय?

सारमा बुझ्नुपर्दा सामुदायिक रेडियोको करिब ९० प्रतिशत शक्ति समुदायमा र १० प्रतिशत प्रविधिमा निहित हुन्छ। तर आजको वास्तविकता हेर्दा अवस्था उल्टोजस्तो देखिन्छ। हामी क्रमशः प्रविधि-केन्द्रित हुँदै गएका छौँ र समुदायको भूमिका कमजोर हुँदै गएको छ कि भन्ने गम्भीर प्रश्न उठ्छ। सामुदायिक रेडियोलाई दिगो बनाउने मूल आधार समुदाय नै हो। जति बढी समुदायको सहभागिता, स्वामित्व र सक्रियता सुनिश्चित गर्न सकिन्छ, त्यति नै यसको दिगोपनमा स्थायित्व हुन्छ। तर हाम्रो समुदाय एकनासको छैन; यो जातीय, भाषिक र भौगोलिक विविधताले भरिएको छ, जसले सामुदायिक रेडियोसँग काम गर्न थप संवेदनशीलता र सजगता माग गर्दछ।

कुनै समय थियो, जब इन्टरनेटको पहुँच सीमित थियो र बोरा भरि श्रोताका चिठीहरू आउँथे। ती चिठीहरू पढ्न महिनौँ लाग्थ्यो। आज त्यो अवस्था बदलिएको छ। चिठीको ठाउँ सामाजिक सञ्जालले लिएको छ। सामाजिक सञ्जालबाट उत्पन्न सामग्री प्रसारण, संवाद र प्रचारको महत्त्वपूर्ण माध्यम बनेको छ, जसले रेडियोका लागि एक हिसाबले नयाँ अवसरहरू सिर्जना गरेको छ। तर यससँगै केही चुनौतीहरू पनि थपिएका छन्। दुर्गम गाउँहरूमा इन्टरनेटको पहुँच सबैका लागि समान छैन; सबैले यसको लागत वहन गर्न वा प्रभावकारी रूपमा प्रयोग गर्न सक्ने अवस्था पनि छैन।

परम्परागत पुस्ता अझै रेडियो सेटमै निर्भर छ, तर नयाँ पुस्ताले रेडियो ट्युन गर्ने बानी छोड्दै गएको छ। त्यसैले एफएमबाट इन्टरनेट आधारित प्लेटफर्मतर्फको यात्रामा अवसर र चुनौती दुवै सँगसँगै आएका छन्। यसै सन्तुलन कायम गर्दै अघि बढ्नु नै आजको सामुदायिक रेडियोको सबैभन्दा ठुलो आवश्यकता र चुनौती हो।

अन्तमा, हामी सबैले मनन गर्नुपर्ने महत्त्वपूर्ण तर सरल प्रश्न यस्तो छ: ‘के हामी अझै पनि हाम्रो समुदायका लागि सान्दर्भिक छौँ? यदि हामीले केही समयका लागि प्रसारण बन्द गर्‍यौँ भने के असर पर्छ?’ यिनका उत्तर नै हाम्रो कामको वास्तविक मापन हो।

(सौराहामा आयोजित सामुदायिक रेडियोको दिगोपनसम्बन्धी कार्यशाला छलफललाई सहजीकरण गर्नु भएका अमार्क एसिया–प्रशान्तका उपाध्यक्ष (दक्षिण एसिया) सुवास खतिवडाको मन्तव्यबाट लिइएको अंश।)

## दिगोपनको अर्थ: मेरो रेडियो, मेरो अनुभव

मेघराज गौतम, सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्ज

सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्जसँग मेरो यात्रा २०६५ साल जेठ ३ गतेदेखि सुरु भयो। त्यति बेलादेखि आजसम्म रेडियो कर्ममा निरन्तर सक्रिय रहँदा मैले एउटा कुरा गहिरोसँग महसुस गरेको छु - दिगोपन कुनै ठुलो योजना होइन, यो त हाम्रो दैनिक कामको गुणस्तरसँग जोडिएको विषय हो। आज हामीले गर्ने सानो कामले भोलि संस्थालाई कस्तो बनाउँछ भन्ने कुरा नै दिगोपनको मूल हो।

जनशक्तिको अभावका कारण व्यवस्थापनसँगै कार्यक्रम उत्पादन, समाचार सम्पादन र वाचनसम्म आफैँ गर्नुपरेको अनुभवले मलाई अझ स्पष्ट बनाएको छ कि स्रोतको सही व्यवस्थापन, उपकरणको जतन, श्रोतामैत्री वातावरण, सरसफाइ, समयको सदुपयोग र जिम्मेवार कार्य संस्कृति बिना दिगोपन सम्भव छैन।

तर व्यवहारमा चुनौतीहरू गहिरिँदै गएका छन्। विज्ञापन घट्दै गएको छ, स्थायी स्रोत छैन, कर्मचारी टिकाउन गाह्रो छ, उपकरण पुराना हुँदै गएका छन् र डिजिटल प्लेटफर्ममा जान सकिएको छैन। कुनै समय १८ जनाले चलाएको रेडियो अहिले ५ जनाले धानिरहेका छौं। हामीले प्रसारण समय घटायौँ, सबैले सबै काम गर्ने सहमति गऱ्यौँ, खर्च कटौती गऱ्यौं। यी सबै प्रयासहरू दिगोपनकै खोज हुन्। सौराहामा आयोजित पछिल्लो कार्यशालाले मलाई एउटा कुरामा प्रस्ट पारेको छ, अब हामी परम्परागत ढर्राले मात्र चल्न सक्दैनौँ। स्टुडियोलाई डिजिटल बनाएर अडियो सँगै



मेघराज गौतम

भिडियो निर्माण गरी सामाजिक सञ्जालको व्यापक प्रयोग गर्नु आजको अनिवार्य सर्त हो। बजेट र दक्ष जनशक्तिको अभावले यो सोचलाई पूर्ण रूप दिन कठिन त छ, तर हामीले प्रयास भने छाडेका छैनौँ।

अब लाग्छ, रेडियोलाई डिजिटलमा रूपान्तरण गर्दै अडियो सँगै भिडियो सामग्री उत्पादन गर्नुपर्छ। साथै, सहकारी संरचनालाई बहुउद्देश्यीय बनाएर नयाँ स्रोत खोज्नुपर्छ।

चुनौती धेरै छन्, तर एउटा कुरा स्पष्ट छ, परिवर्तन नगरी दिगोपन सम्भव छैन।

---

पछिल्लो समयमा आमसञ्चार माध्यम प्रविधि र इन्टरनेटतर्फ जाने बहस चलिरहेको छ, तर स्रोतको अभावका कारण रेडियोहरू पछाडि परिरहेका छन्। "अब सबै कुरा इन्टरनेटमै छ, रेडियो कसले सुन्छ?" भन्ने भ्रमपूर्ण धारणा बढ्दो छ। तर वास्तविकता फरक छ। गाउँका धेरै मानिस अझै पनि इन्टरनेटको पहुँचभन्दा बाहिर छन्।

रेडियो स्टेसनमा इन्टरनेट हुनु एउटा कुरा हो, तर श्रोतासम्म इन्टरनेट पुगेको छ कि छैन भन्ने अझ महत्त्वपूर्ण हो। शहरमा पहुँच भए पनि सामुदायिक रेडियोका मुख्य श्रोता गाउँमै छन्। मेरो अनुभव अनुसार जनसङ्ख्याको ठुलो हिस्सा अझै इन्टरनेटबाट वञ्चित छ, र उनीहरूको आर्थिक अवस्थाले पनि डाटा खर्च गर्न सहज बनाएको छैन।

प्रविधिसँग अघि बढ्नुपर्छ, तर रेडियोलाई कमजोर पारेर होइन। शहरका लागि इन्टरनेट र गाउँका लागि रेडियो दुवै आवश्यक छन् भन्ने बुझाइ सुदृढ गर्नु नै आजको आवश्यकता हो।

(सौराहा कार्यशालामा सहभागी भेरी एफएम १०५.४ मेगाहर्ज, नेपालगन्जका मोहम्मद आरिफ अन्सारीको मन्तव्यबाट।)



मोहम्मद आरिफ अन्सारी

हालको अवस्थामा सामुदायिक रेडियो न पूर्ण रूपमा समुदायको हुन सकेका छन्, न त सरकारकै। जहाँ पुग्नुपर्ने हो, त्यहाँसम्म समुदायमा पुग्न सकिएको छैन, र सरकारी नियम–कानुनहरू पनि पूर्ण रूपमा पालना गर्न सक्ने अवस्था छैन।

आजको यथार्थ के हो भने, हामी समुदायलाई गुणस्तरीय सेवा दिनेभन्दा पनि रेडियो चलाउने, विज्ञापन जुटाउने र कर्मचारीलाई तलब खुवाउने सङ्घर्षमै अल्झिएका छौँ। यस्तो अवस्थामा समुदायप्रति हाम्रो दायित्व कसरी पूरा गर्ने भन्ने गम्भीर प्रश्न उठेको छ। आर्थिक र नीतिगत चुनौतीहरूको सामना गर्दै सामुदायिक रेडियोलाई जोगाउने स्पष्ट प्रतिबद्धतासहित अघि बढ्नु नै आजको प्रमुख आवश्यकता हो।

(सौराहा कार्यशालाका सहभागी प्रकाश सुनुवार, गुन्जन एफएम १०५.३ मेगाहर्ज, रौतहटको मन्तव्य।)



प्रकाश सुनुवार

# जेन्जी आन्दोलनपछि सामुदायिक रेडियो: महिला प्रसारकहरूको अनुभव, चुनौती र सहनशीलता

## वन्दना दनुवार, स्टेसन प्रबन्धक, सामुदायिक रेडियो उदयपुर १०२.४ मेगाहर्ज

भदौ २३ र २४ गते देशभर फैलिएको जेन्जी आन्दोलनले सूचना प्रवाहका अग्रपङ्क्तिमा रहेका सामुदायिक रेडियोहरूलाई पनि गम्भीर रूपमा प्रभावित गऱ्यो। विशेष गरी महिला सामुदायिक रेडियो प्रसारकहरूका लागि यो समय अत्यन्त जटिल र संवेदनशील रह्यो। एकातर्फ उनीहरूले सही र सन्तुलित सूचना दिनुपर्ने जिम्मेवारी वहन गरिरहेका थिए भने अर्कोतर्फ असुरक्षा, मानसिक तनाव र सामाजिक दबाबसँग जुध्नुपऱ्यो।

यो लेखले जेन्जी आन्दोलनको सन्दर्भमा विशेष गरी महिला प्रसारकहरूले भोगेका चुनौती, सहनशीलता र सिकाइहरूलाई उजागर गर्छ।

रेडियो सगरमाथाकी उर्वशी बस्न्यातका लागि आन्दोलनका दिनहरू अत्यन्त कठिन रहे। उनी भन्छिन्, “दुई रातसम्म निदाउन सकिनँ। जब बालबालिकामाथि गोली चल्यो, त्यसपछि मनमा पीडा र डर दुवै बढ्यो।” उनी रेडियोको व्यवस्थापनको भूमिकामा पनि छिन्, जसका कारण सहकर्मीहरूको सुरक्षादेखि सही सूचना प्रवाहसम्मको दोहोरो जिम्मेवारी उनीमाथि थियो।



पुष्पा चौधरी, स्टेशन म्यानेजर, रेडियो गुर्बाबा १०६.४ मेगाहर्ज



वन्दना दनुवार

“कसरी सबैलाई सुरक्षित राख्ने र कसरी सही सूचना दिने भन्ने चिन्ताले मन थिचिएको थियो,” उनी सम्झन्छिन्। यस्तो अवस्थामा सहकर्मीहरूबिचको संवाद र भावनात्मक साटासाटले केही हदसम्म सहारा दिएको उनको अनुभव छ।



उर्वशी बस्न्यात, स्टेशन म्यानेजर, रेडियो सगरमाथा १०२.४ मेगाहर्ज

बर्दिया स्थित रेडियो गुर्बाबाकी पुष्पा चौधरी भन्छिन्, “हामी सञ्चार क्षेत्रमा काम गर्ने भएकाले देशमा के भइरहेको छ भन्ने जानकारी समुदायसम्म पुऱ्याउनु हाम्रो कर्तव्य हो।” जेन्जी आन्दोलनताका उनले नियमित कार्यक्रम स्थगित गरेर समाचार र प्रत्यक्ष सूचना प्रवाहलाई प्राथमिकता दिएको बताइन्। समाचार सङ्कलन र तयारीका क्रममा अत्यन्त सचेत रहनुपरेको, केन्द्रबाट आउने अद्यावधिक सूचना निरन्तर पछ्याउनुपरेको र स्टुडियोबाट प्रत्यक्ष प्रसारणमार्फत सूचना दिनुपर्ने अवस्था आएको उनले उल्लेख गरिन्। उनका लागि यो समय मानसिक रूपमा निकै तनावपूर्ण रह्यो। उनी भन्छिन्, “रातभर निद्रा लागेन, देशको अवस्थाबारे चिन्ता बढ्दै गयो।”



उर्मिला दनुवार, कार्यक्रम तथा समाचार संयोजक, रेडियो उदयपुर १०२.४ मेगाहर्ज

रेडियो उदयपुरकी उर्मिला दनुवारका अनुसार आन्दोलनका क्रममा रिपोर्टिङ गर्दा असुरक्षाको अनुभूति बढ्यो। “बाहिर निस्कँदा सुरक्षित हुन्छ कि हुँदैन भन्ने डर रहन्थ्यो,” उनी भन्छिन्।

गल्ती वा त्यसबाट नकारात्मक प्रतिक्रिया आउने चिन्ताले मानसिक तनाव बढे पनि उनले अनलाइन र फोनमार्फत सूचना सङ्कलन, सहकर्मीहरूसँग समन्वय र परिवारसँग सम्पर्कमार्फत आफूलाई सम्हाल्ने प्रयास गरिन्। उनका अनुसार, त्यस्तो समयमा संवाद र सहकार्य नै मुख्य सहारा बन्यो। यसअघि संस्थाले आयोजना गरेका तनाव व्यवस्थापनसम्बन्धी तालिमहरूले केही हदसम्म सहयोग पुगेको भए पनि, यस्तो संवेदनशील अवस्थामा पत्रकारहरूका लागि मनोसामाजिक परामर्श र सुरक्षा सम्बन्धी कार्यक्रम अझ आवश्यक हुनेमा उनले जोड दिइन्।

रेडियो मर्स्याङ्दीकी मिना गुरुङका लागि जेन्जी आन्दोलनका दिनहरू पेसागत जीवनकै कठिन अनुभव बने। बाहिरको तनावपूर्ण अवस्था र सम्भावित हिंसाले निरन्तर डर सिर्जना गर्‍यो - “के म सुरक्षित छु?” भन्ने प्रश्न उठिरह्यो। तटस्थ समाचार प्रस्तुत गर्नुपर्ने दायित्वसँगै महिला भएकै कारण थप दबाबले मानसिक थकान बढायो। यस्तो अवस्थामा उनले आफ्नो मनोबल सम्हाल्ने प्रयास गरिन्। “म यहाँ आफ्नो पेसागत जिम्मेवारी पूरा गर्न बसेकी हुँ, डरभन्दा सत्य अगाडि राख्नुपर्छ,” भन्ने आत्म–संवादले उनलाई स्थिर बनायो। कहिलेकाहीँ प्रसारणअघि श्वासप्रश्वास अभ्यास (deep breathing) गरेर तनाव कम गर्ने प्रयास पनि गरिन्। सहकर्मीहरूसँग कुरा गर्दा मन हल्का हुने, परिवारसँग नियमित सम्पर्क राख्दा भावनात्मक सहारा मिल्ने अनुभव उनले गरिन्। उनको विचारमा मनोसामाजिक परामर्श, जोखिमपूर्ण अवस्थामा रिपोर्टिङ गर्ने तालिम र कानुनी सुरक्षा जस्ता उपायहरू उपलब्ध भए महिला पत्रकारहरू थप सशक्त भएर काम गर्न सक्छन्।




मिना गुरुङ, कार्यकारी निर्देशक, रेडियो मर्स्याङ्दी ९५ मेगाहर्ज



गिता न्यौपाने, स्टेशन म्यानेजर, रेडियो लाङटाङ ९०.३ मेगाहर्ज

रेडियो लाङटाङ, रसुवाकी गीता न्यौपानेका लागि पनि आन्दोलनको समय अत्यन्त तनावपूर्ण रह्यो। सम्भावित तोडफोड, आगजनी र सुरक्षाको जोखिमबारे सूचना प्राप्त भइरहँदा रेडियो सञ्चालन नै चुनौतीपूर्ण बन्यो। राति सेनाको उपस्थिति र आन्दोलनकारीहरूको गतिविधिले वातावरण थप असुरक्षित बनायो। “कसरी आफू र सहकर्मीलाई सुरक्षित राख्ने?” भन्ने चिन्ता निरन्तर बढिरहेको थियो। “स्थानीय सरोकारवालासँग छलफल गर्दै सम्भावित जोखिम कम गर्ने प्रयास गरियो। स्टेसनको सुरक्षाका लागि पहल गरियो र सामग्री प्रसारणमा सन्तुलन र जिम्मेवारीलाई उच्च प्राथमिकता दिइयो।“

उनले रेडियोमार्फत मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिन्, जसले समुदाय मात्र होइन, आफूलाई पनि मानसिक रूपमा सन्तुलित राख्न सहयोग पुर्‍यायो। यसअघि लिइएका द्वन्द्व र विपद् व्यवस्थापनसम्बन्धी तालिमले केही हदसम्म सहयोग पुगेको उनको अनुभव छ। यद्यपि यस्तो संवेदनशील समयमा छाता संस्थाहरूबाट स्पष्ट मार्गदर्शन र शीघ्र सहयोग आवश्यक हुनेमा उनले जोड दिइन्।

डडेलधुरा स्थित रेडियो अमरगढीकी ममता भट्ट आन्दोलनका क्रममा रेडियो सञ्चालन नै चुनौतीपूर्ण बनेको बताउँछिन्। “सुरक्षाको अवस्था कमजोर थियो, लुटपाट हुने डर थियो,” उनी भन्छिन्। कर्फ्युका कारण काम गर्न कठिनाइ भए पनि, उनले न्यूनतम स्रोत र सीमित जनशक्तिमा रेडियो सञ्चालन जारी राखिन्। उनले एउटा महत्त्वपूर्ण कुरा उठाइन्: यस्तो सङ्कटमा संस्थागत सहयोगको अभाव। “यदि छाता संस्थाहरूले सक्रिय रूपमा मार्गदर्शन गरेका भए अझ सहज हुन्थ्यो,” उनले भनिन्।




ममता भट्ट, स्टेशन म्यानेजर, रेडियो अमरगढी ९७.४ मेगाहर्ज



कल्पना तिवारी, स्टेशन म्यानेजर, रेडियो मुक्ति ९५.५ मेगाहर्ज

रेडियो मुक्तिकी कल्पना तिवारीका लागि आन्दोलनको समय मानसिक र पेसागत दुवै दृष्टिले अत्यन्त चुनौतीपूर्ण रह्यो। “कस्तो सूचना दिने, त्यसले कस्तो प्रभाव पार्ने भन्ने तनाव थियो,” उनी भन्छिन्। रेडियो भवनमै तोडफोड र आगजनीको जोखिम हुँदा अवस्था झन् संवेदनशील बन्यो। यस्तो परिस्थितिमा उनले आत्म नियन्त्रण र सहकर्मीहरूसँगको सहकार्यलाई आधार बनाइन्।

“सबैभन्दा पहिले आत्मविश्वास बलियो बनाउनुपर्‍यो,” उनी भन्छिन्। त्यसताका उनको रेडियोमा भौतिक क्षति कम भए पनि आर्थिक असर गम्भीर रह्यो। भुक्तानी रोकियो, नयाँ सम्झौताहरू रोकिए, र रेडियो सञ्चालन कसरी गर्ने भन्ने चिन्ता बढ्यो। उनका अनुसार यस्तो सङ्कटका लागि पूर्व तयारी, समन्वय योजना र छाता संस्थाबाट तत्काल सहयोग आवश्यक हुन्छ।

यी सबै अनुभवहरूले एउटा महत्त्वपूर्ण सन्देश दिन्छन्: सङ्कटको समयमा सामुदायिक रेडियो केवल सूचनाको माध्यम मात्र होइन, समुदायको भरोसा, संवाद र सहाराको आधार हो। तर यो भूमिकालाई प्रभावकारी रूपमा निर्वाह गर्न सञ्चारकर्मीहरूको सुरक्षा, मानसिक स्वास्थ्य र संस्थागत सहयोग अत्यन्त आवश्यक छ।

विशेष गरी महिला प्रसारकहरूको अनुभवले उनीहरूले दोहोरो चुनौती सामना गर्छन् भन्ने देखाउँछ - पेसागत जिम्मेवारी र लैङ्गिक संवेदनशीलता। त्यसैले भविष्यका लागि मनोसामाजिक परामर्श, सुरक्षा तालिम र सुदृढ समन्वय संरचना निर्माण अपरिहार्य छ।

जेन्जी आन्दोलनको अनुभवले हामीलाई स्पष्ट पाठ सिकाएको छ: सामुदायिक रेडियोको दिगोपन केवल प्रविधि वा स्रोतमा निर्भर छैन; यो सङ्कटमा पनि सत्य, सन्तुलित र विश्वसनीय सूचना दिन सक्ने क्षमतामा निर्भर छ। र, त्यो क्षमता निर्माण गर्न, हामीले प्रसारकहरूको सुरक्षा र सशक्तीकरणलाई केन्द्रमा राख्नैपर्छ।

**तपाईँको रेडियो, तपाईँका कथाहरू !**

यो न्यूजलेटर तपाईँको आफ्नै आवाज र अनुभवहरू प्रस्तुत गर्ने साझा मञ्च पनि हो । तपाईँहरू देशका कुन कुनामा के गर्दै हुनुहुन्छ ? तपाईँकै स्टुडियोका रमाइला किस्साहरू, कार्यक्रमका रमाइला तस्बिरहरू वा प्रविधिमा अपनाइएका सजिला उपायहरूबारे हामीलाई जानकारी गराउनुहोस् । हामीमध्ये जोकोहीको पनि सफलता र नौलो अनुभव अरू साथीहरूका लागि प्रेरणा बन्न सक्छ । त्यसैले, तपाईँका कार्यक्रमका आकर्षक झलक, श्रोतासँगको रोचक अन्तर्क्रिया, वा रेडियो चलाउँदाका रमाइला प्रसङ्गहरू फोटोसहित पठाउन नबिर्सनुहोस् ।

साथै, सामुदायिक रेडियोको व्यवस्थापन र प्रविधिसम्बन्धी विषयहरू वा रेडियो सामग्री निर्माण सम्बन्धी कुनै जिज्ञासा भएमा तपाईँ हामीलाई लेख्न सक्नुहुन्छ । तपाईँका प्रश्नहरूको उत्तर विश्वसनीय रूपमा दिन हामी विशेषज्ञहरूसँग समेत परामर्श गर्नेछौँ ।

सबै सामग्री पठाउने ठेगाना: ro@amarc-ap.org

**तपाईँको कथा अर्को अङ्कमा पर्छ कि ? पठाउनुहोस् । तपाईँको सहयोगमा सामुदायिक रेडियोको आवाज अझ विस्तार गरौँ !**

सबै प्रतिलिपि अधिकार सुरक्षित छन् । यस न्युज लेटरमा समावेश सामग्रीहरू शैक्षिक वा अन्य गैर व्यावसायिक प्रयोजनका लागि पुनः प्रकाशन र प्रचारप्रसार गर्न कुनै पूर्व लिखित अनुमति आवश्यक छैन । तर, बिक्री वा अन्य व्यावसायिक प्रयोजनका लागि यस सूचना उत्पादनको सामग्री पुनः प्रकाशन गर्न वा प्रयोग गर्न प्रतिलिपि अधिकार धारकको लिखित स्वीकृति अनिवार्य छ । कुनै पनि लेख वा तस्बिर पुनः प्रकाशन गर्दा स्रोत उल्लेख गर्नुपर्नेछ । सुझाव र प्रतिक्रियाका लागि कृपया ro@amarc-ap.org मा इमेल पठाउनुहोस् ।

**सम्पादकीय सल्लाहकारहरू:** सुवास खतिवडा, वन्दना दनुवार, तुला अधिकारी
**भाषा सम्पादक:** राजनबाबु शर्मा
**प्रकाशन संयोजक:** राजेश रम्तेल
**सज्जा:** रोबर्ट मार्कस बिसलेर
**सम्पादक:** सुमन बस्नेत

**कृपया यस न्युजलेटरलाई इच्छुक व्यक्तिहरुसित शेयर गर्नुहोला।**